Hello
Refined Sunflower Oil


न्यू सृष्टि दैनिक
सबैको प्रिय अनि एउटा फरक पत्रिका
हामी जे देख्छौं, त्यही लेख्छौं
राष्ट्रिय दैनिक

साडीमहल जोगवनी
साडी महल
बुटिक सारी, कुर्ता र तन्नाको लागि

दैनिक अङ्क ६८ | २०८१ असोज १६ गते बुधबार | Wednesday 2 October 2024 | नेपाल सम्वत् ११४४ | वर्ष १७ | मूल्य ५।- | मो.जि.का. दर्ता नं. १९४

## चर्चित प्रशङ्ग

# क्यारेमबोर्ड र राजनीति



■ युवराज आचार्य

राजनीति क्यारमबोर्डको खेल जस्तै हो। यसको व्याख्या म सुस्तरी संक्षेपमा गरिरहेको छु। सेतो गोटीलाई ताक्ने, कालोलाई अप्ठेरो ठाउँमा धकेल्ने, अर्काको गोटी छिर्ने प्वालमा आफ्नोले बाटो छेक्ने र भरसक बिपक्षीलाई फाइन तिराउने गरी डिलमा अड्काइ दिने, आफ्नो बाटो क्लियर गर्ने।

गोटी सिधा मात्रै ताकिन्न। अब थप देव नेपालीहरू सहकारीको पैसा तिर्न (वा कागज गर्न) आउँछन्,
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति पूर्व उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आफ्नो हिस्साको एक-डेढ करोड तिर्दिन्छन्, महान्याधिवक्ताको पैसो फिर्ता गर्ने माथि मुद्दा नचलाउने निर्णय धेरैले बिर्सिसके।

छ महिनाको हल्लाखल्ला विस्तारै शान्त कुटनीति बन्छ। अर्को साल हल्लाखोरहरूलाई अर्कै मुद्दा आइहाल्छ। राजनीति यथार्थवादी मैदानमा खेलिन्छ र र दर्शक आदर्शवादको प्याराफीटमा चिच्याउँछ।

नेपालमा यस्ता धेरै मुद्दा आए, चर्चामा रहे तर, विस्तारै सेलाए पनि। हामी दर्शक भएर हेरिबस्छौ। नयाँ नयाँ घटनाक्रम, विषयवस्तुहरू विकास भइरहेका हुन्छन्। के बोल्नु ? के गर्नु ? त्यसैले हामी चुप लागेर बसौं। सबाल एउटा मुद्दाको मात्र होइन हराएका/विलाएका धेरै विषय र प्रशङ्ग छन्।

# बुधबार र बिहीबार भारी वर्षाको सम्भावना

▸ न्यू सृष्टि दैनिक
विराटनगर

मौसम मामलाका जानकारहरूले बुधबारदेखि बिहीबारसम्म दुई दिन भारी वर्षाको सम्भावना औल्याएका छन्।

वर्षाले कुन-कुन जिल्लालाई प्रभाव पार्ने उल्लेख छैन तर, कोशी प्रदेशमा बिहीबारसम्म वर्षाको अधिक सम्भावना रहेको र सतर्कता अपनाउन भनिएको छ। मंगलबार नै मौसम बदली सुरु भइसकेको थियो र केही ठाउँमा सामान्य वर्षा पनि भयो।

बागमतीपछि सर्वाधिक मानवीय क्षति यसपटक कोशीमा भयो। कोशीका १४ जिल्लामा पछिल्लो बाढी, पहिरो र डुबानबाट २२ जनाको मृत्यु भएको प्रहरी रेकर्ड छ। बुधबारदेखि बिहीबारसम्म वर्षाको सम्भावान औल्याएपछि कोशी प्रदेश सरकारले सरोकारवालालाई बोलाएर छलफल गरेको छ।

आन्तरिक मामिला तथा कानूनमन्त्री लिलाबल्लभ अधिकारीका अनुसार क्षमताले भ्याएसम्म सबै तयारी भइरहेको छ। प्रदेश अन्तर्गतका सुरक्षा निकाय, प्रशासन र अधिकारीहरूसित घनिभूत छलफल भएको छ। तत्काल उद्धार र सहयोग गर्नुपर्ने अवस्थामा तयारी रहन भनिएको छ।

प्रदेश सरकारसित तत्काल उद्धार गर्ने र कार्य गर्ने साधन नै छैन। प्रदेश सरकारले उद्धारका लागि सुरक्षा निकायको भर पर्नुपर्छ भने अन्य कामका लागि तयारी अवस्थामा कुनै साधन, उपकरण, मेसिनहरू जोगाड गरेको छैन। प्रशासनसित पनि क्षतिपछि हुने कार्यका लागि कुनै साधन स्रोत छैन।

यसअघिको बाढीपहिरोको बेलामा पनि मौसम पूर्वानुमान महाशाखाले गरेको भविष्यवाणीलाई गंभीर रुपमा लिइएको थिएन। महाशाखाले कोशी प्रदेशको पाँचथर र इलाममा अधिक क्षति हुने भनेको थियो तर, बाढीले उदयपुर, खोटाङ, ओखलढुंगा, धनकुटा लगायतका जिल्लामा मानवीय र भौतिक क्षति भएको थियो।

यसपटक मौसम मामलाका जानकारहरूले गरेको भविष्यवाणी सही सावित भएको देखिन्छ। उनीहरूले दसैंको टीकाका दिनसम्म मनसुन सक्रिय रहने र त्यसपछि मात्र सर्लक्क अरुतिर जाने जानकारी दिएका छन्।

# प्रसाईं ९ दिनपछि रिहा

**विराटनगर (न्यू सृष्टि दैनिक)-** साइबर अपराधमा पक्राउ परेका झापाका मेडिकल व्यवसायी तथा चर्चित राजावादी अभियन्ता दुर्गा प्रसाईलाई धरौटीमा छाड्न अदालतले आदेश दिएको छ।

रिहापछि उनले आफु जनताको पक्षमा बोल्न नछाड्ने र आफ्नो जनआवाज सरकारले बन्द गर्न नसक्ने भन्दै आक्रोश पोखेका छन्।

उनी पक्राउको ९ दिनपछि धरौटी वापत १ लाख रुपैयाँ बुझाएर मंगलबार रिहा भएका छन्। उनको रिहाईका लागि चौतर्फी दवाव थियो।

रिहापछि आफुले न्यायालयबाट न्याय पाएको बताउँदै प्रसाईले जनताको पक्षमा बोल्न नछाड्ने उल्लेख गरेका छन्।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश ठाकुरप्रसाद खरेलको



इजलासले साइबर अपराधसम्बन्धी दुईवटा कसुरमा ५०/५० हजार रूपैयाँ धरौटी मागेको हो। प्रसाईंले १ लाख रूपैयाँ धरौटी बुझाउनुपर्ने छ। साइबर सम्बन्धी दुईवटा कसुरमा एकसाथ थुनछेक भएको हो। प्रसाईंले विद्युतीय कारोबार ऐनको दफा ४७ अनुसार कसुर गरेको अभियोगमा ५ वर्षसम्म कैद सजाय मागदाबीसहित मुद्दा दायर गरिएको थियो।

# फूलपातीमा तीन नेपाली सेनेमा भिड्दै, कसले मार्ला बाजी ?

**विराटनगर (न्यू सृष्टि दैनिक)-** यसपटकको दसैंमा तीन नेपाली सेनेमा भिड्दै छन्। छक्कापंजा-५, घर ज्वाईं र १२ गाउँ मोटो रकम खर्च गरेर बनाइएको हो। दर्शकका लागि रोजीको विषय भए पनि तीनै सेनेमाको भीडन्तले तीनै निर्माण कम्पनीलाई नोक्सानी हुने देखिन्छ।

छक्कापंजा-५ संस्करणलाई विराटनगरकी चेली दीपाश्री निरौलाले निर्देशन गरेकी छन्। यो ब्राण्डको सबै फिल्म सुपर हिट भएका थिए।

१० करोडभन्दा माथि नै कारोबार गरेको थियो। यसपटक यो सेनेमाका दुई गीतले प्रदर्शन अगावै चर्चा कमाएको छ।

खासगरेर 'मेरो बैंस फिर्ता दे' बोलको गीतले सामाजिक संजालमा तहल्का नै मच्चाएको छ।

जितू नेपाल हिरो रहेको 'घरज्वाईं' को पनि उधुमै चर्चा छ। खासगरेर दीपा-दीपकको विपक्षमा रहेका दर्शकको साथ उनले पाउने आशा गरिएको छ।

जितू पहिले दीपा-दीपककै टिममा रहेर काम गरेका थिए। १२ गाउँमा विराटनगरकी चेली न्यान्सी खड्का (गायक सुमित खड्काकी छोरी) हिरोइन छिन्। यो एक्सन प्रधान फिल्म हो। छक्कापंजा-५ र घरज्वाईं हाँस्य प्रधान।

दसैंको बेला नेपाली दर्शक मनोरञ्जनका लागि हलसम्म पुग्छन्।








दसैंमा रमाइलो गर्न हलसम्म पुग्ने भएकाले सेनेमा चल्ने फिल्मी क्षेत्रको बुझाई छ।

तीनै सेनेमा बनाउन र प्रदर्शन गर्दै दर्शक तान्न यसका कलाकार मरिमेटेर लागेका छन्। तर, दर्शक यसपटक विभाजित हुनेछन्। फिल्मी समिक्षकहरूका अनुसार दर्शकले तीनै फिल्म हेर्दैनन्। ब्राण्डको हिसावले दीपा-दीपकका आफ्नै दर्शक छन् जो उनीहरूको फिल्म पर्खेर बसेका हुन्छन्। जितूको विद्रोहलाई रुचाउने पनि छन् र, भोजपुरी सेनेमामा समेत महत्वपूर्ण भूमिका खेलेका विराज भट्टले आफ्नै लगानी र छोरालाई पहिलोपटक लञ्च गरेकाले प्रचारमा कुनै कसर बाँकी राखेका छैनन्।

'दर्शक कता जाने हुन् अहिले नै यसै भन्न सकिन्न, आउँदो एक हप्तामा दर्शकले कुन फिल्म हेर्ने निर्णय लिने छन्' एक फिल्म समिक्षकले न्यू सृष्टि दैनिकलाई भने, 'प्रचारका हिसावमा छक्कापंजा-५ धेरै अघि छ, प्रचारले मात्र फिल्म चल्ने होइन, अहिले नै यसै भन्न सकिन्न।'

छक्कापंजा-५, घर ज्वाईं र १२ गाउँको निर्माणका लागि निर्माण पक्षले कम्तिमा ८ करोड खर्च गरेको देखिन्छ। यो रकम संकलनका लागि एक फिल्ममा २ लाख दर्शकले फिल्म हेर्नै पर्ने हुन्छ। अहिलेको अवस्था हेर्दा दर्शक 'छक्कापंजा-५' ले बढी आकर्षित गर्ने देखिएको धेरैको बुझाई छ।

विराटनगरका एक हल संचालकले भने, 'तीनमध्ये दर्शकको चासो र रुची अनि आकर्षण 'छक्कापंजा-५ मा देखिएको छ, पहिलो दिनको शो बाट थाहा हुने छ दर्शक कता बढ्ने हुन्।'

## समाचार बन्न नसकेको समाचार

# सौर्य ऊर्जाको लगानी खेर गयो

विराटनगरको पुष्पलालचोकदेखि पानीटंकीसम्म मोटो रकम खर्चेर विराटनगर महानगरपालिकाले सडकमा सौर्य बत्ती लगाएको थियो। एसियाली विकास बैंकको अनुदान सहयोगमा बनेको सडक नमूना र सुन्दर बनाउन सौर्य ऊर्जाका लागि खर्च गरिएको रकम बालुवामा पानी हाले बराबर भएको छ।

झण्डै सय सौर्य बत्ती अहिले बल्दैन। तर, महानगरपालिकाले यो किन नबलेको हो ख्याल गरेको छैन। सबाल कसको पालामा लगाइयो त्यो महत्वपूर्ण कुरा नहुन सक्छ, सबाल के हो भने यसमा महानगरको लगानी थियो। जो सुकै जनप्रतिनिधि आए पनि सौर्य ऊर्जाको मर्मत गर्नुपर्ने थियो।

मर्मत गर्दा सौर्य ऊर्जाको बत्ती चल्नेमा दुइमत छैन। तर, महानगरपालिकाले नयाँ लाइट लगाउन कुनै कसर बाँकी राखेको छैन। सायद नयाँ खरिदमा कमिसनको खेल हुन्छ होला। पुरानालाई हेप्नु भनेको यही आरोप लगाउँदा पनि केही फरक पर्दैन।

विराटनगर पुष्पलालचोक-पानीटंकीमात्र होइन अन्य धेरै ठाउँमा सौर्य उर्जा लगाइएको थियो जुन अधिकांश स्थानमा काम नलाग्ने भएको छ। मर्मत गर्दा हुन्छ भने भएको लगानीलाई संरक्षण किन नगर्ने ? यो कुरा मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, अशोक गुप्ताहरू कसले बुझ्ने हो ?

# बाढीपहिरोबाट २२४ को मृत्यु

**विराटनगर (न्यू सृष्टि दैनिक)-** बाढीपहिरोमा परेर देशभर २२४ जनाको मृत्यु भएको छ। २७ अझै बेपत्ता भएका छन्। बाढी र पहिरोमा परेर १४३ जना घाइते भएका छन्।

सरकारले मृतक परिवारलाई जनही २ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ। देशभरका २१ जिल्ला बाढीबाट प्रभावित भएको छ। देशभर १७ अर्बभन्दा बढीको क्षति भएको सरकारको अनुमान छ।

घाइतेको निःशुल्क उपचार गर्ने निर्णय सरकारले गरेको छ। पहिरोले अवरुद्ध मुख्य राजमार्ग र सहायक राजमार्ग खोलेर आवागमन सहज बनाउनेतर्फ युद्धस्तरमा काम भइरहेको छ। यसपटक राजमार्ग अवरुद्ध भएकाले पनि बाहिरबाट दसैंमा जिल्ल जानेको संख्या उल्लेख्य घट्ने देखिएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र स्वयम्सेवकले विपद्मा फसेका ४ हजारभन्दा बढीको उद्धार गरेको छ। बाढीबाट मृत्यु हुनेको संख्या २५० कट्ने अनुमान गरिएको छ।

सरकारले मानवीय क्षतिप्रति दुःख व्यक्त गर्दै तीन दिन राष्ट्रिय शोक मनाउने निर्णय गरेको छ।

# तेस्रो संस्करणको विराटनगर म्युजिक फेस्टीवल हुने




**विराटनगर (न्यू सृष्टि दैनिक)-** विराटनगरस्थित लाइभ इन्टरटेन्टमेन्टले विराटनगरमा कात्तिक १० गते तेस्रो संस्करणको 'विराटनगर म्युजिक फेस्टीवल-२०८१' गर्ने भएको छ।

मंगलबार पत्रकार सम्मेलनको गर्दै नजिकिँदो चाडपर्वको अवसरमा स्थानीयवासीलाई मनोरञ्जन प्रदान गर्दै सामाजिक सद्भाव कायममा बढोत्तरीका लागि फेस्टीवलको आयोजना गरिएको बताइयो। कार्यक्रमको आयोजना जैन भवनमा हुनेछ। विराटनगर महानगरपालिका प्रवर्द्धक रहेको कार्यक्रममा चर्चित राष्ट्रिय ब्याण्ड एवं गायक गायिकाको सहभागिता रहने छ। कार्यक्रममा स्वप्न सुमन एण्ड द एस्टर्स र पुर्ण राई एवं दाजुभाइहरूले बेजोड प्रस्तुती दिने छन्। यस अघिका दुई संस्करणमा दर्शकको उल्लेख्य उपस्थिति रहेको थियो।

कार्यक्रममा विराटनगरका ख्यातीप्राप्त विराटनगर म्युजिसियन ग्रुपको सांगीतिक प्रस्तुती रहने छ। यस्तै स्थानीय डान्स क्लबहरूले शास्त्रीयदेखि आधुनिक नृत्य प्रस्तुत गर्ने छन्। कार्यक्रममा खानाको स्टलदेखि प्रायोजकहरूका स्टलसमेत रहने छन्। कार्यक्रमलाई भव्यता प्रदान गर्न आयोजकले अन्तर्राष्ट्रिय स्तरको साउण्ड सिष्टम र लाइटको जडान गर्नेछ भने ठूलो एलइडी स्क्रिनमा कलाकारलाई मज्जाले हेर्न मिल्नेछ। सम्मेलनमा बोल्दै कार्यक्रम व्यवस्थापक एवं संयोजक सन्तोष महत 'स्यान्ट्रो' ले पछिल्लो समय सांगीतिक क्षेत्रमा देखिएको नैराश्यता हटाउन कार्यक्रमले उल्लेख्य भूमिका निर्वाह गर्ने बताए। उनले कार्यक्रमबाट विराटनगरवासीमा उर्जाको संचार हुने बताए।

स्यान्ट्रोले कार्यक्रमको आयोजनामा १४ लाख रूपैयाँ खर्च हुने अनुमान गरेको बताए। उनले सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय मोरङ र मोरङ प्रहरीसँग समन्वय गरिएको बताए। उनले कार्यक्रमको संवेदनशीलतालाई ख्याल गर्दै अन्य सुरक्षा एजेन्सी, बाउन्सरको सेवा लिने अनि स्वयंसेवक पनि उल्लेख्य संख्यामा खटिने सुनाए। स्यान्ट्रोले न्यू सृष्टि दैनिकसँग कुरा गर्दै बढ्दो तनावकोबीच सांगीतिक कार्यक्रमले शरीरलाई तरोताजा बनाउने बताए।

कार्यक्रममा उद्घोषण आरजे नविनाको रहने छ भने प्रि-सेलको टिकटदर २ सय र डोर सेल ३ सय रूपैयाँ राखिएको आयोजकले जनाएको छ।

## चर्चित भ्वाईस

वृक्षारोपण गर्नु ठूलो कुरा होइन, महत्वपूर्ण कुरा संरक्षण गर्नु हो। संरक्षण नै नगर्ने हो भने रोपेको कुनै अर्थ हुँदैन। म सहभागी हुने हरेक वृक्षारोपण कार्यक्रममा आयोजकलाई संरक्षणबारे सोध्छु। उनीहरू उत्साहका कुरा गर्छन् तर, केही महिनापछि गएर हेर्दा आफैले रोपेका विरुवा कतै देखिन्नन्।

– अमृत अर्याल

के तपाईं विज्ञापन गर्न चाहनु हुन्छ ?
आफ्नो व्यापार, व्यवसाय प्रबर्द्धन गर्न चाहनु हुन्छ भने तलको ठेगानामा सम्पर्क गर्नुहोस्।
न्यू सृष्टि दैनिक
तीनपैनी चोक, विराटनगर
9842163536
9807302572

गोल्ड सिल्भर मार्ट
राठीको सुन पसल
ठाकुरवाडीरोड, रामजानकीपथ
हिजो सुनचाँदीको भाउ
छापावाला सुन :- १,६०,५००।-
तेजाबी सुन :- १,६०,०००।-
चाँदी :- १,९४०।-
शिवरतन आसकरण राठी
नोट: हाम्रो कुनै शाखा छैन (फोन : ०२१५७०८५६)
अर्डर बमोजिम सुन चाँदीका गरगहना बनाउनका साथै तयारी गरगहना पनि बिक्री गरिन्छ।

SAMSUNG दसैं Himstar
अफर अफर अफर
सामसुङ तथा हिमस्टार ब्रान्डका टि.भी. वासिङ मेसिन, फ्रिज, एसी आदिमा विशेष छुटका साथै ०% ब्याजदरमा किस्तावन्दीमा उपलब्ध छ।
पूर्वाञ्चल इनर्जी एण्ड सप्लायर्स
सम्पर्क नं. ९८५२०२८६७१, ९८४२०२८६७१, ९८११७६८०१५
नोट: सर्तहरू लागु हुनेछ।

PAHIRAN Boutique
The Readymade Fashion House
EXCLUSIVE COLLECTION
.KURTI
.KURTI-PANT
.SAARI
.DRESS
.GOWN
.LAHENGA
.BOTTOMS
BIG SALE
मेनरोड, बिराटनगर-७
केके होम डेकॉर छेऊ
M: 98423-30606



# रंगेलीले फिर्ता लियो करवृद्धि

## बाँकी कार्यकालमा करको दर र दायरा नबढाउने घोषणा

**अनुज सापकोटा**
**विराटनगर**



रंगेली नगरपालिकाको मंगलबारको विशेष नगर सभाबाट केहि समय अघि गरिएको करवृद्धि फिर्ता लिएको छ। नगरपालिका परिसरमा पत्रकार सम्मेलनको आयोजना गर्दै मेयर दिलिप बगडियाले रंगेलीवासीको आय आम्दानी कम हुँदै गएको, देशमा आर्थिक मन्दी छाएको र किसान संकटमा परेको बेला नगरवासीलाई थप पीडा नहोसूभन्दै वृद्धि गरिएको करको दर फिर्ता लिइएको बताए।

सम्मलेनमा मेयर बगडियाले आफूहरू नगरवासीको सर्वाङ्गीण विकासमा प्रयासरत रहेको बताए। उनले आ.व. २०८१/०८२ को लागि आन्तरिक वित्तीय व्यवस्थापनको सन्दर्भमा वृद्धि गरिएका केहि करका दर तथा दायराका सन्दर्भमा नगरवासी र राजनीतिक दलबाट पुर्नविचारका लागि ध्यानाकर्षण गराइएको हुँदा विशेष नगरसभाबाट नगरवासीको हित हुने गरी संशोधन गरिएको बताए। केहि समयअघि कांग्रेसले करवृद्धिलाई लिएर विरोध प्रदर्शन गरेको थियो।

०८१/०८२ का लागि नगरपालिका भरीका खेतीयोग्य जग्गाहरूको मालपोत ३३ रूपैयाँ ८६ पैसा प्रति कठ्ठा कायम गरिएकोमा संशोधन गरी २० रूपैयाँ प्रति कठ्ठा पारिएको छ। यस्तै अनिवार्य नक्सा पास गरिएका आरसीसी फ्रेम स्ट्रक्चरको घरजग्गा कर १ रूपैयाँ ५० पैसा कायम गरिएकोमा संशोधन गरी ७० पैसा मात्र कायम गरिएको छ। यस्तै टिनको छानो र बाँसको टाटीको घेराबारा रहेको भुई तले घरको वार्षिक १ सय रूपैयाँ एकमुष्ठ बुझाउनु पर्ने व्यवस्था गरिएको छ।

पत्रकार सम्मेलनमा बगडियाले आफूले गरेको विकास कार्य र पाएको जनताको अपार समर्थनबाट अत्तालिएर एक राजनीतिक पार्टीले विरोध प्रदर्शन गरेको भएपनि रंगेलीवासीको पीडा सम्बोधनका लागि करको दर र दायरामा संशोधन गरेको बताए। उनले कसैले डण्डा हल्लाउँदै र हप्कीदप्की गर्दैमा आफूले नीतिमा कुनै किसिमको परिवर्तन नगर्ने स्पष्ट पारे। उनले आफूले जनताको मनोभावना बुझेर काम गरेको बताए।

बगडियाले रंगेली नगरपालिकामा कुनै विपक्षी दल नभएकोले आफैले विपक्षी दलको पनि भूमिका निर्वाह गरी सहजीकरण गर्दै करको दर र दायरा संशोधन गरेको र दुर्घटना निम्तिन नदिएको बताए। बगडियाले आफूहरूको बाँकी कार्यकालमा करको दायरा र दर नबढाउने घोषणा गरे। वगडियाले प्रेस विज्ञप्ति वाचन गर्दै सुशासन र पारदर्शिता लगायतका कार्यहरू नगरपालिकाको नीति कार्यक्रममा समावेश गरी विगत वर्षदेखिनै गर्दै आएको बताए।

नगरपालिकाले ३ हजार हारहारी विघा जग्गामा सिंचाई सुविधा, नगरभरीका सडकमा बत्ती जडान, सुकुम्बासी, दलित, सीमान्तकृत, अति विपन्न २१ सय परिवारलाई निःशुल्क स्वास्थ्य बीमा, छात्रवृत्ति, १३२ स्थानमा निःशुल्क वाईफाई जडान, प्रहरी कार्यालयबाट निगरानी हुने गरी ४८ स्थानमा सीसी टिभी जडान गरेको बगडियाले बताए।

यस्तै कृषकले प्रयोग गर्ने गरेको सिंचाई मिटरको शुल्क पालिकाले व्योहोर्ने, ३८ किमी कालोपत्रे सडक निर्माण, वृक्षारोपण, अनलाईन राष्ट्रिय परिचयपत्र दर्ता, तटबन्ध निर्माण, रंगेली अस्पतालबाट २४ सैं घण्टा सेवा प्रवाह लगायतका सेवा नागरिकलाई प्रदान गर्दै आएकोभन्दै मेयर वगडियाले रंगेलीवासी समक्ष गरिएका प्रतिवद्धता पुरा गर्न आफू कटिवद्ध रहेको बताए।

उनले २०७४ सालमा रंगेलीको वार्षिक आम्दानी ५० लाख रहेकोमा आफूले कार्यभार सम्हालेपछि हाल २ करोड ८० लाख रूपैयाँ आम्दानी भएको सुनाए।

# ‘अपरेशन-७’ सर्वेक्षणको परिणाम सार्वजनिक

**विराटनगर (न्यू सृष्टि दैनिक)-** वि.सं. २०५७ सालमा स्थापना भएको विराट व्यापार संघले ४ महिना लगाएर वास्तविक वस्तुस्थिति बुझ्न बजारको सर्वेक्षण गरेको थियो।

सर्वेक्षणको नाम ‘अपरेशन-७’ राखिएको थियो। कारोबारमा संलग्न व्यापारीले सर्वेक्षणमा सयौं समस्या सुनाए।

ती समस्यामध्येबाट संघले अधिक उठान भएका समस्यालाई समेट्दै प्रतिवेदन निर्माण गरी सरोकारवालाहरू समक्ष प्रश्नको उठान गरेको थियो। संघले सोमबार विराटनगर-२ स्थित होटल बन्जारा ईन्मा अर्न्तक्रिया तथा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरी प्रतिवेदन सार्वजनिक गरेको थियो।

घरेलु तथा साना उद्योगले उत्पादन गरेका सामग्रीको सहज विक्री वितरणका लागि वाणिज्य एवं घरेलु तथा साना उद्योग कार्यालयको योजना एवं प्रोत्साहन, सीमापारीबाट हुने गरेको तस्करी रोक्ने सम्बन्धमा सुरक्षा निकायको तयारी, करदातालाई जानकारी गराउनु पर्ने कर नीति, परिवर्तन र छुट, सीमानाकामा भारत पस्ने व्यक्तिको लगत राख्ने नीति, सुरक्षा योजना, अवैध घरेलु मदिरा नियन्त्रणका ७ प्रश्नको उठान गरिएको थियो।

प्रश्नको उत्तर दिने क्रममा सशस्त्र प्रहरी गण टंकीसिनुवारीका डिएसपी ओमराज बानियाँले तस्करी र चोरी पैठारी नियन्त्रणमा आफूहरू अहोरात्र खटिएको बताए।

राष्ट्रिय अनुसन्धान विभाग मोरङका एसपी तिलक प्रसाईंले चाडवाडका लागि तीन वटै सुरक्षा निकायले आ-आफ्नो सुरक्षा योजना बनाएको बताए।

आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख हितराज शाक्यले कार्यालयले साना करदातालाई नहेपेको बताए। उनले कर सम्बन्धी सूचनाका लागि व्यापारिक संघ संस्थासँग साना करदाताले सघन समन्वय गर्नु पर्नेमा जोड दिए।

मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले व्यापारीले नियम कानूनको अधिनमा रहेर पसल संचालन गर्नु पर्ने बताए।

उनले केहि अस्पष्ट नीतिका कारण पनि बजार व्यवस्थित बन्न नसकेको बताए। संघका अध्यक्ष अंशु बन्जाराले व्यापारीले समस्या उठाएको उठाएकै गरेपनि समाधान नभएको गुनासो गरे।

# केशलियामा अस्थायी तटबन्धन

**विराटनगर (न्यू सृष्टि दैनिक)-** केशलिया खोलाको कटानबाट विराटनगर-१२ स्थित सम्पन्न बस्ती जोगाउन विराटनगर महानगरपालिकाले अस्थायी तटबन्ध निर्माण सुरु गरेको छ।

महानगरको जेसीवी प्रयोग गरेर नगर प्रहरी र सशस्त्र प्रहरीले बोरामा माटो हालेर तटबन्ध निर्माण गरिरहेका छन्। मौसम विभागले बुधबार र बिहीबार भारि वर्षाको सम्भावना रहेको भन्दै सतर्क रहन आग्रह गरेपछि केशलियाको बाढी बस्तीमा नपसोस् भनेर तत्कालका लागि अस्थायी तटबन्ध निर्माण गरिएको हो।

केही दिनअघि आएको अविरल वर्षाका कारण केशलियाको बाढी विराटनगर-१२ स्थित सम्पन्न बस्तीमा प्रवेश गरेको थियो। कोशी प्रदेशको खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय मन्त्रालयले खोलामा स्थायी तटबन्ध निर्माण गर्ने प्रतिबद्धता जनाएको छ।

मन्त्रालयले लागत इस्टिमेट तयार पार्न जल तथा सिंचाइ विकास डिभिजन कार्यालय मोरङका इन्जिजियर अनिलकुमार महतोलाई खटाइसकेको छ। केशलियाको बाढीका कारण प्रदेश प्रहरी कार्यालय, तालिम केन्द्रलगायतका क्षेत्र जलमग्न भएको थियो। महानगर आवास योजनाअन्तर्गत विपन्नका लागि सो स्थानमा घर निर्माण गरी हस्तान्तरण गरिएको थियो।


## ग्रामथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेतरिया, मोरङ,
कोशी प्रदेश, नेपाल

**सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१६

यस कार्यपालिकालाई आवश्यक पर्ने देहाय बमोजिमको सवारीसाधन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी उत्पादक कम्पनी वा सोको आधिकारीक/अधिकृत विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारीसाधन विक्री गर्न चाहने उत्पादक तथा आधिकारिक/अधिकृत विक्रेताले आ-आफ्नो उत्पादकको आधिकारीक स्पेसिफिकेशन, गुणस्तर मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) तथा Manufacture Authorization Letter फर्म दर्ता, भ्याट दर्ता र कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपिहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित उत्पादक वा आधिकारिक अधिकृत विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सवारी साधन विवरण**

| सि.नं. | सवारी साधन | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| 1. | Motorcycle (A Type) | • 4 strokes air/oil cooled,150cc (+/-1) Petrol engine<br>• Tank Capacity should not be less than 12 Ltr<br>• Maximum rated power output not less than 9Kw and maximum torque should not be less than 12nm at governed RPM<br>• Self Starter/Kick or Both<br>• Manual Shift at least 5 Speed.<br>• Standard Colour<br>• Brake Front:Disk ,Rear:Drum | Five (5) | Other details as per the technical specifications. |

प्रमुख प्रशासकीय अधिकृत



## सुन्दरहरैंचा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश नेपाल

### सुन्दरहरैंचा नगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरपालिकाबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



## भोक्राहा नरसिंह गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी, कोशी प्रदेश, नेपाल

### गाउँपालिकाद्वारा गाउँवासीहरुलाई स्वास्थ्यसम्वन्धी जानकारीमूलक सन्देश

### स्वास्थ्य सम्वन्धी गाउँपालिकावासीमा सचेतना







**१. गर्मीयाममा अपनाउनुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं।
घ) पुरा बाउला भएको कपडा लगाऔं।
ङ) घर वरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्यालढोकामा जाली लगाऔं।
छ) समय समयमा स्वास्थ्य परीक्षण गरौं।

**२. गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाउँ/ खुवाऔं।
ग) चिकित्सकको सल्लाह अनुसार भिटामिन/आइरन चक्की खुवाऔं।
घ) गर्भवती महिलाले ४/६/८/ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Center वा प्रसुति गृहमा जाऔं।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुवाऔं।
ख) नवजात शिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं।
ग) जन्मनासाथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नु पर्दछ।
घ) शिशुका नाभी काटिसकेपछि संक्रामणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफ र सुख्खा राखौं।

**४) झाडापखालाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिशापिसाव गरौं, बच्चाको दिसापिसाव पनि चर्पीमा नै विर्सजन गरौं।
ख) चर्पीमा गएपछि बच्चाको दिसापिसाव धोएपछि वा फोहार छोएपछि राम्रोसँग साबुन पानीले हात धोऔं।
ग) बासी , काँचो , सढेगलेको खानेकुरा नखाऔं।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
ङ) आफ्नो घर आँगन सफा राखौं।


पब्लिकेशन्स न्यू सृष्टिद्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित । कार्यालय मेनरोड, तीनपैनी, विराटनगर-२, फोन : ९८४९७८७२७२, ९८५२०२०७००, इमेलः nsdainik@gmail.com
अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादकः शंकर खरेल

## विचार

मैले कुनै गल्ती गरेको छैन । सरुवा नै भयो भने पनि केही छैन । ९ महिना यहाँ बसेर काम गर्दा गलत गर्ने मनसाय राखिनँ र, गरिन पनि । म सुनसरीको हुँ र मोरङमै अध्ययन गरेकाले यो ठाउँको माया लाग्छ । मैले सक्दो असल काम गर्ने चेष्टा गरे । कसैलाई चित्त बुझेन भने म के गर्न सक्छु । मेरो दोष के हो ?

**प्रेमप्रसाद भट्टराई**
**प्रमुख जिल्ला अधिकारी**
**मोरङ**

# वृक्षारोपणभन्दा संरक्षण अनिवार्य

जीवन प्रकृतिको पर्याय हो। प्रकृतिका कारण नै मानव जीवन सम्भव भएको हो। सुहाउँदो धर्ती, पानी, वायुका कारण मानव अस्तित्वमा आएको हो। मानवलाई स्वच्छ पर्यावरण चाहिन्छ। दुषित पर्यावरण मानवको अनुकुल नभई प्रतिकुल हुने विज्ञानले पनि प्रमाणित गरेको छ। स्वच्छ पर्यावरणमा ऱ्हास आउँदा धर्तीमाथिको ओजोन तहमा समेत असर पुगेको छ।

ओजोन तहमा प्वाल पर्दा सुर्यबाट विकिरणहरू धर्तीसम्म आइपुग्दा मानवीय शरीरलाई पर्याप्त असर पुगेको छ। दिनानुदिन छाला सम्बन्धी रोग देखा पर्ने गरेको छ भने क्यान्सर चौतर्फी रूपमा बढेर गएको छ। लगातारको रूख कटान, अव्यवस्थित घर निर्माण एवं विकासका कारण पर्यावरणमा ठूलो धक्का लागेको छ जसका कारण भख्खरै परेको अविरल पानीका कारण व्यापक जनधनको क्षति भएको छ।

ठाउँ–ठाउँमा बाढी र पहिरोले तबाही मच्चाउँदा दसैंको मुखमा सयौं व्यक्तिले ज्यान गुमाउनु परेको पीडा हामीमाँझ छ। पर्यावरण जोगियो भने मात्र हामी पनि जोगिने सन्देश प्रकृतिले दिएको छ। पर्यावरणको नाश गरेर मानव जाती बाच्न नसक्ने अनुसन्धानले देखाएको छ।

पर्यावरण जोगाउने, सहर हराभरा राख्ने भन्दै सरकारीदेखि निजी संघ संस्थाबीच वृक्षारोपणको होड चलेको छ। सरकारीदेखि निजी संघ संस्थाले सामाजिक काम देखाउनु पऱ्यो भने वृक्षारोपण नै रोज्ने गरेका छन्। फेसनको रूपमा वृक्षारोपण त गरिन्छ तर त्यस्ता वृक्षारोपण सामाजिक सञ्जालमा मात्र सिमित हुने गरेको छ।

विरूवा रोपेको पोज र तस्वीर सामाजिक सञ्जालमा हालेर लाइक, सेयर र कमेन्ट पाउन चाहने सज्जनको विराटनगरमा कुनै कमि छैन। डिभिजन वन कार्यालय मोरङले गरेको एक सर्वेक्षणमा वृक्षारोपण गरिएका विरूवामध्ये ६० प्रतिशतसम्म विरूवा मर्ने गरेको खुलासा भएको छ। उचित संरक्षण अभावमा देखाउनका लागि मात्र गरिने वृक्षारोपणमा विरूवा जोगिन गाऱ्हो बन्दै गएको पाइएको छ। वृक्षारोपणमा संलग्न अधिकांश व्यक्तिमा रोपिएको विरूवा संरक्षणमा चासो नदेखिनु दुखद् हो।

एक सर्वेक्षण अनुसार ०७७/०७८ मा १५९३ विरूवा प्रति हेक्टरमा रोपिएको थियो। जसमध्ये १०३८ बाँचेको थियो भने ५५५ विरूवा मरेको थियो। यस्तै ०७८/०७९ मा १५८३ विरूवा रोपिएकोमध्ये ५८९ विरूवा मरेको थियो। ०७९/०८० मा कार्यालयले संरक्षणका विभिन्न उपाय अवलम्बन गरेपछि विरूवाको कम क्षति भएको थियो।

सो अवधिमा रोपिएका १२३४ विरूवामध्ये ३९२ विरूवा मरेको थियो। विरूवा मर्नुको कारणमा सिँचाईको अभाव, बोटमा किरा लाग्ने, रोपिएको स्थानमा पानी जम्ने, झाडीले विरूवा छोप्ने, सुख्खा खडेरी, जनावरले खाइदिने, घेराबेराको अभाव, ससाना कलिला विरूवा ओसारपोसार गर्दा अपनाईनु पर्ने सावधानीको अभाव मुख्य देखियो।

जुन कुराको संरक्षण गर्न सकिँदैन त्यस सम्बन्धी कुरा गर्नु नै हुँदैन। सामाजिक सञ्जालमा पोष्ट गर्नका लागि बजारमा कृत्रिम बोट विरूवा मनग्य पाइन्छ। तर मनैदेखि पर्यावरणप्रति माया छ र जोगाउने इच्छा भने संरक्षणका लागि रोपिएका विरूवातर्फ ध्यान दिनै पर्छ।

## मुक्तक


**कमला घिमिरे अधिकारी**

१.
मन नै हो आखिर, किन कसैको नौनी त कसैको पत्थर हुन्छ
कसैको देखावटी त कसैको सहयोगमा सदा तत्पर हुन्छ
यी सब आफु प्रति गरिने ब्यवहारमा निर्भर छन् सायद,
यहाँ आवरण र भोगिने यथार्थमा धेरै नै अन्तर हुन्छ ।
२.
जे छ त्यसमै सन्तुष्ट नभई अर्को अर्को किन गर्नु
मधुर स्वरले छाउँछ शान्ति चर्को चर्को किन गर्नु
असिमित आवश्यकताले धेरै दुःख दिएको छ भने,
अनावश्यक बस्तु प्राप्तिको जमर्को किन गर्नु ?
३.
सु-शासनमा ध्यान नदिने शासकको बर्णन नगर्नु
पद र दौलतको आडमा चल्ने त्रासकको बर्णन नगर्नु
अदृष्य शक्तिले हेरिरहेछ, बनाई अलग अलग खाता,
भगवानको नाममा ढोंगी उपासकको बर्णन नगर्नु ।
४.
प्रसन्न भइदिन्छ मन कहिले आफ्नै उन्नति सँग
थामिनै सकिन्न कहिले फेरि नसोचेको क्षति सँग
पीर ताप सँगसँगै हर्सोल्लास मिश्रित यो जीवन,
बाध्य भई चल्नु पर्ने रहेछ है समयको गति सँग ।




# औपचारिक अर्थतन्त्रको कहालीलाग्दो कहर


**तोमनाथ उप्रेती**

अनौपचारिक अर्थतन्त्र राज्यका ऐन, कानुन तथा आदेशहरूलाई अवज्ञा गरी अदृश्य रूपमा आर्थिक गतिविधि सञ्चालन हुने अवस्था हो। अनौपचारिक अर्थतन्त्रको हिस्सा बढ्दै गयो भने राज्य नै असफल हुने सम्भावना पनि त्यत्तिकै बढ्दै जान्छ ।

अनौपचारिक अर्थतन्त्र समानान्तर रूपले राज्यको वैध अर्थतन्त्रसँग जाने हो भने देशको सार्वभौमसत्ता माथि नै खलल पुग्न सक्ने खतरा हुने गर्छ। अनौपचारिक अर्थतन्त्रले विधिको शासन र लोकतन्त्रको अवमूल्यन गर्छ । यसले मानव अधिकारको हनन गर्छ ।

संगठित अपराध र आतङ्कवादलाई समेत बढावा गर्छ । यसले बजारलाई गलत दिशामा उन्मुख गराई अन्ततोगत्वा अर्थतन्त्रलाई धराशायी पार्छ। यस्तो अर्थतन्त्रले मानिसको नैतिकता, इमानदारिता, सदाचारिता र कर्तव्यपरायणतामा पनि ह्रास ल्याउँछ । नियम कानुन मान्ने परिपाटीको अन्त्य भई समाजलाई अराजक बनाउँछ । अनौपचारिक अर्थतन्त्र विकास र समृद्धिको बाधक बन्न पुग्दछ ।

राष्ट्रिय तथ्यांक कार्यालयले पहिलो पटक गरेको 'आर्थिक गणना ०७५' ले अनौपचारिक अर्थतन्त्रको आकार ४९.९ प्रतिशत रहेका तथ्याङ्क सार्वजनिक गरेको छ । यसले के देखाउँछ भने अझै पनि व्यापार व्यवसाय तथा विभिन्न आर्थिक क्रियाकलाप झन्डै ५० प्रतिशत कुनै पनि निकायमा दर्ता नभई सञ्चालन भएका छन् । जसको कारणले गर्दा राज्यको राजस्वले चालु खर्चलाई समेत धान्न गाह्रो पर्ने अवस्था छ ।

आर्थिक गणना ०७५ अनुसार मुलुकभर ९ लाख २३३५६ व्यावसायिक प्रतिष्ठान सञ्चालित छ। तीमध्ये ४ लाख ६०४२२ प्रतिष्ठान कतै पनि दर्ता भएका छैनन् । अन्तर्राष्ट्रिय श्रम संगठनले करिब दुई वर्षअघि जारी गरेको एक अध्ययन प्रतिवेदनअनुसार विश्वभर करिब २ अर्बजति श्रमिक अनौपचारिक क्षेत्रसँग आबद्ध छन् ।

यो संख्या भनेको विश्वमा उपलब्ध सम्पूर्ण युवा श्रमशक्तिको करिब ६० प्रतिशत हुन आउने रहेछ। एसियाली विकास बैंकका अनुसार औपचारिक अर्थतन्त्रले न्यून तथा मध्यम आय हुने मुलुकको 'जिडिपीको औषत ३५ प्रतिशत अंश र विकसित मुलुकमा औषत १५ प्रतिशत अंश ओगटेको पाइन्छ। अनौपचारिक अर्थतन्त्रको ठुलो हिस्सा कृषि क्षेत्रले ओगटेको छ । व्यापार, निर्माण, स्वास्थ्य सेवा, सामाजिक सेवा, वित्तीय सेवा, शिक्षा सेवा, होटल रेष्टुरेन्ट जस्ता आर्थिक क्रियाकलापको ठुलो क्षेत्र औपचारिक अर्थतन्त्रको दायरा बाहिरै रहेको अवस्था छ ।

नेपालको अर्थतन्त्रको संरचना ५७ खर्बे हाराहारीमा रहेकोमा करिब २५-२६ खर्ब नै अनौपचारिक अर्थतन्त्रले समानान्तर रूपमा आर्थिक क्रियाकलाप सञ्चालन गर्ने गरेको अवस्था विधमान छ । अनौपचारिक अर्थतन्त्र यसरी बढ्दै जाने हो भने अर्थतन्त्रमा भयावह अवस्था आउने सक्ने देखिन्छ ।

देशभित्र बेलाबेला अवैध सुन जफत गरिने अनि क्रिप्टोकरेन्सीका कारोबारीहरू समातिने जस्ता समाचारले पनि औपचारिक अर्थतन्त्रभन्दा बाहिर धेरै गतिविधि भइरहेको अनुमान लगाउन सकिन्छ। त्यसैगरीअख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी र अदालतमा परेका मुद्दाको अध्ययन गर्ने हो भने पनि नेपालको अर्थतन्त्रमा अनौपचारिक अर्थतन्त्र हावी भएको स्पष्ट देखिन्छ ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०१७ ले अनौपचारिक क्षेत्रमा ६२.२ प्रतिशत जनशक्ति कार्यरत रहेको देखाएको थियो । साथै, अनौपचारिक रोजगारीमा ८४.६ प्रतिशत रहेको तथ्यांक श्रमशक्ति सर्वेक्षणमा देखिएको थियो । एशियाली विकास बैंकका अनुसार विश्वभर यस्ता अनौपचारिक तथा कम आय हुने क्षेत्रमा संलग्न श्रम शक्तिमध्ये ५८ प्रतिशतजति महिला मात्र रहेका छन् ।

नेपालमा घरजग्गा र कृषि क्षेत्रमा सबैभन्दा धेरै अनौपचारिक अर्थतन्त्रको हिस्सा रहेको देखिएको छ। तथ्यांकअनुसार घरजग्गामा ९९.९७ प्रतिशत , कृषि, वन र मत्स्यपालनमा ९६.४८ प्रतिशत भोजन तथा आवासमा ५०.४२ प्रतिशत हिस्सा अनौपचारिक क्षेत्र रहेको छ।

अहिले हुने घरजग्गा किनबेच र घरभाडा कारोबार कुल घरजग्गा अर्थतन्त्रको एक प्रतिशत पनि छैन । अचल सम्पत्ति एवम् आवास सेवा उपभोग र घरजग्गा कारोबार क्षेत्रअन्तर्गत स्वामित्व वा भाडामा दिइएको सम्पत्ति, शुल्क वा सम्झौता अचल सम्पत्तिका गतिविधि, घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवा अध्ययनमा समावेश गरिएको छ ।

यस क्षेत्रको प्रकृतिका कारण अधिकांश हिस्सा घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवा पर्छन् । जसलाई यो अध्ययनमा अनौपचारिक अर्थतन्त्र मानिएको छ ।जग्गा कारोबार वा सम्पत्ति अवमूल्यनबाट हुने कर छलीको मात्रा ठूलो छ । जग्गा खरिद सम्पत्ति लुकाउने माध्यम भएको समेत अध्ययनमा उल्लेख छ। यसरी लुकाइएको सम्पत्ति पनि अनौपचारिक अर्थतन्त्रमा गणना भएको हो ।

नेपालको भारतसँगको करिब १८ सय किलोमिटर सीमा खुला भएकाले चोरीनिकासी व्यापार बढ्दै गएको अवस्था विधमान छ । जसका कारण सरकारी ढुकुटीमा आउने राजस्व अनौपचारिक क्षेत्रमा प्रवाह भएको देखिन्छ। बाहिरबाट आयात गरिने वस्तुमा न्यून बीजकीकरण गर्ने परम्पराको अन्त्य हुन सकेको देखिँदैन ।

**नेपालमा औपचारिक अर्थतन्त्रको कहालीलाग्दो अवस्था आउनुका कारणहरूको विश्लेषण**

-अनौपचारिक अर्थतन्त्र अन्तर्गत भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति, अवैध हातहतियार ओसार-पसारको रकम, लागुऔषध खरिदबिक्रीको रकम, करछली गरेको रकम, मानव बेचबिखन तथा अवैध रूपमा गैरआर्थिक धन्दा सञ्चालन गरेर राज्यलाई ठगेका रकम ,हुण्डी कारोवार,कर छली जस्ता कारणले अनौपचारिक अर्थतन्त्रलाई बढावा दिदै जानु,

- नेपालमा अहिले साना व्यवसायी, सिलाइबुनाइ, वित्तीय सेवा, होटेल, रेस्टुरेन्ट, होमस्टे, यातायातजस्ता सेवालाई औपचारिक अर्थतन्त्रमा समावेश गर्न नसकेपछि औपचारिक अर्थतन्त्रले गति लिन सकिरहेको देखिँदैन । यसरी अनौपचारिक क्षेत्र हावी हुँदै गयो भने राज्यको आय र व्ययमा ठूलो खाडल आई देशको अर्थतन्त्र अनौपचारिक अर्थतन्त्र तर्फ धकेलिदै जानु,

-अन्तरराष्ट्रिय रूपमा नै अहिले जल्दोबल्दो विषयका रूपमा रहेको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा हुने वित्तीय लगानीसम्बन्धी कार्यक्रमहरूका कारण पनि अप्रत्यक्ष रूपमा अनौपचारिक अर्थतन्त्रले मौलाउने अवसर प्राप्त गर्दै जानु,

-समाजमा हुने सबै सम्पत्ति तथा नगदको वैधानिक स्रोत पुष्टि गर्ने कागजातको अभावमा पछि कानूनी फन्दामा परिने डरले वैध सम्पत्ति धारण गर्ने मानिससमेत त्यस्तो सम्पत्ति तथा नगदको भण्डारण अनौपचारिक क्षेत्रमै गर्न प्रेरित हुने कारणले समेत अनौपचारिक अर्थतन्त्रले मौलाउने अवसर प्राप्त गर्दै जानु,

-नियामकीय तथा प्रशासनिक जटिलताले समेत अनौपचारिक अर्थतन्त्रलाई टेवा पुग्ने गरेको छ। बारम्बार हुने कानूनी परिवर्तन, सूचना माथिको सीमित पहुँचजस्ता तत्त्वहरूले समेत अनौपचारिक अर्थतन्त्रलाई फस्टाउने अवसर प्रदान गर्दछ ।

-भ्रष्टाचारले पनि अनौपचारिक अर्थतन्त्रलाई बढावा दिने गर्दछ। भन्सार चोरी तस्करीबाट पनि अनौपचारिक अर्थतन्त्रको आकार बढ्न मद्दत पुग्ने गर्छ ।

-घर जग्गाको व्यापार गरी अवैध ढंगले दलाल अर्थतन्त्र झाँगिएको छ । यसमा जग्गाको मूल्याङ्कन कम गरी राजस्व छलि गरिन्छ भने कतिपय अवस्थामा जग्गाको मूल्याङ्कन बढी गरी कालो धनलाई सेतो बनाउनेसमेत गरेको पाइन्छ ।

-नेपाली नागरिकहरूलाई शरणार्थी बनाई बिदेश पठाइएका घट्नाहरूले समेत अनौपचारिक अर्थतन्त्र बढाएको अवस्था विधमान छ ।

**अनौपचारिक अर्थतन्त्र नियन्त्रणका लागि आगामि कार्य योजना**

नेपालमा आयात निर्यातको व्यापारमा न्यून विजकीकरणले पनि अनौपचारिक अर्थतन्त्रको आकारलाई बढाइरहेको अवस्था विधमान छ । धेरै जसो व्यापारी न्यून विजकीकरण गरेर कर छल्न चाहन्छन् । यसलाई नियन्त्रण गर्नका लागि देहायका उपायहरू मार्गदर्शक बन्न सक्छन् ।

-कारोवार मूल्यमा आधारित भन्सार मूल्यांकन प्रणालीलाई जोड दिने, न्यून विजकीकरण गरेर आएका सामानलाई सरकारले व्यापारीलाई १० प्रतिशत नाफा दिएर खरिद गरेर कुनै सरकारी निकाय अन्तर्गत अर्थात् सार्वजनिक व्यापार कम्पनीमार्फत बिक्री गर्ने नीतगत सुधार गर्ने,

-नियामकीय तथा प्रशासकीय प्रक्रियालाई सरलीकृत गर्ने,

-सरकार र जनताबीच प्रत्यक्ष सम्पर्क कायम सघाउने किसिमका प्रविधिहरूको प्रयोग गरी अनौपचारिक अर्थतन्त्र नियन्त्रण गर्ने,

-सरकारका सबै कारोबारहरू सरल, सहज अनि डिजिटल बनाउन सकियो भने अधिकांश आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालीमा अटाउन सकिने अवस्था सिर्जना हुन्छ ।

-करदाता शिक्षा र कर चेतनाको विस्तार गर्दै समयानुकूल कानुनमा सुधारका साथ कडा पालना गराउन सके औपचारिक अर्थतन्त्रको दायरा विस्तार गर्न सकिन्छायसबाट स्वतः अनौपचारिक अर्थतन्त्रमा कमी आउने देखिन्छ ।

-अर्थतन्त्रमा संकट निम्त्याउने प्रमुख कारण नै अनौपचारिक अर्थतन्त्र भएकाले सानोतिनो आर्थिक कारोबारदेखि ठूला-ठूला आर्थिक क्रियाकलापलाई राष्ट्रिय अर्थतन्त्रमा ल्याउन नसक्दा अर्थतन्त्र जोखिमबाट उम्कन सकिरहेको देखिँदैन । अतः विभिन्न किसिमबाट अनौपचारिक अर्थतन्त्र हावी हुनुका कारण अध्ययन गरी राष्ट्रिय अर्थतन्त्रको मूलधारमा ल्याउनु पर्दछ ।

**निष्कर्ष**

अर्थतन्त्र बढ्दै जानु भनेको देशको अर्थतन्त्र कमजोर हुनु हो । राज्यको पकडमा नआएको श्रम बजार र राज्यले पहिचान नगरेको श्रमशक्तिको हातमा रहेको आर्थिक क्रियाकलापलाई मातहत अर्थात् दायरामा ल्याउदै यसको नियन्त्रणमा सरकार प्रतिवद्ध हुनुपर्दछ ।


*(उप्रेती कोष तथा लेखा नियन्त्रक कार्यालय मोरंगका प्रमुख हुन्)*




## साहित्य सिर्जना

**छन्दः- वसन्ततिलका**

### उज्याला कुरा


**रोहिणी रसिक**

पैसा प्रभाव प्रतिशोध प्रपञ्च घात
भोगाइका विविधकोण तथा प्रभाव
पन्साउँदै अघि दगुर्न उद्देश्य साथ
बाँच्दा सकिन्छ किन उड्नु भई बतास ।

दङ्गा फसाद अतिचार अकर्म दम्भ
आक्रोश संसय दुरासयबाट बँच्न
खुल्ला बने सब भने र खुले रमाई
नित्तान्त बाच्न सकिनेछ नि गुद्गुदाई ।

गाँजा तमाखु सिगरेट बिँडी चरेस
रक्सी अनेकथरिका ड्रग छोड्नु बेस
जानेर स्वस्थपन गुम्दछ बुद्धि क्षीण
आनन्द बाँच्नु छ खुसीसँग मुस्कुराई ।

सोचाइमा प्रगति अङ्कित लोक खोज
निष्ठा नियामक सुभाव सुमार्ग रोज
अञ्जान जान खतारासँग खेल्नलाई
जान्ने भएर गर काम भलो चिताई ।

जे चाहियो सबकुरा सकिँदैन किन्न
सोचेर मात्र पुगिँदैन नि पर्छ हिड्न
आफ्नो समाज परिवेश छ साथ ठानी
छन् वाद्यता यदिभने सब खोल जानी ।

साथी सँगीसँग मिलेर सुभाव भर्न
अन्याय खातिर सदैव प्रहार गर्न
फस्ने फसाउन तयार चिनेर छोप्न
बाँचे सकिन्छ सबथोक विधर्म रोक्न ।

ऊर्जा नवीन उपलब्ध उमङ्ग जोडी
रङ्गीन राग समभाव कुनै नछोडी
उत्सहिला रहरमा सिक झुम्नलाई
बाँचे सकिन्छ सब भोग्न र चुम्नलाई ।


संगीत गीतसँग रोचक ताल जोर
जिद्दी अघात लत प्रेम नराख फोर
पङ्क्षी समान नभमाथि पुगी रमाई
बाँचे सकिन्छ नि मजासित घुम्नलाई ।

मान्छे भएर जब जन्म लियौ धराले
आशा प्रकाशसम कान्ति बुझे गराले
च्यातेर विकृतिहरू युग नव्य ल्याओ
यो मूल्यवान् मुटु नमार त्यसै रमाओ ।

छिल्याइँ रोष प्रतिघात इबी प्रमाद
आलश्य लोभ अपकार अभद्र वाद
हुन् शत्रु छोड अब साथ र बोक प्रातः
बाबा मुमा अनुज अग्रज मित्र साथ ।

छेडेर कान असहिष्णु बुटा भरेर
अल्लारिई समय खर्चनु हुन्न हेर
आफ्नै परिस्थिति सँगै नित चल्बलाई
बाँचे सकिन्छ दुनियाँसँग रम्नलाई ।

## गीत


**लक्ष्मण थापा**

देश भन्नु जनता हो, जनता भन्नु देश
देश भन्नु संस्कृति हो, देश भन्नु भेष

आत्मा साक्षी राखी उठाउ एक मुठी माटो
कसम खाउ लिने छैनौ असत्यको बाटो
देश भन्नु रगत हो, देश भन्नु मुटु
देश भन्नु जीवन हो, देश भन्नु श्वास

शिर कैल्यै ठाडो हुन्न अरुसँग माँगी
इमान्दार हुनुपर्छ आफ्नै देशका लागि
देश भन्नु गौरव हो, देश भन्नु गर्व
देश भन्नु सुरक्षा हो, देश भन्नु मर्म

आज यौटा कसम खाउँ, देशकै लागि बाँच्ने
केही यस्तो काम गरौं, देशको मुहार हाँस्ने
देश भन्नु सौभाग्य हो, देश भन्नु कर्म
देश भन्नु इमान हो, देख भन्नु धर्म

## चारु


**सीता पाण्डे**

आऊ प्यारा जाऊँ सँगै जिन्दगी यो
भोक लाग्दा खाऊँ सँगै जिन्दगी यो ।

जेजे छाड्यौ राखेँ कुना आज आफैँ
सम्झनाले गाह्रो लाऊँ सँगै जिन्दगी यो ।

आऊ आऊ माया भरी प्यार छाऊँ
छाया बोकी माया छाऊँ सँगै जिन्दगी यो ।

हात देऊ साथी बनी भाव देऊ
बोट रोपी मोल पाऊँ सँगै जिन्दगी यो ।

श्वास फेर्दै डुब्दै गए बासनामा छु है
गीत तिम्रा सबै गाऊँ सँगै जिन्दगी यो ।

प्यार छरे हुन्छ प्यारो तिम्रो मेरो आत्मा
प्यार हेरी माया साऊँ सँगै जिन्दगी यो ।

---


**दीपक पनेरु**


बेला बेला नजिक आई तर्केर जान्छौ
तिमी मेरो मन अल्झाई फर्केर जान्छौ

हाँस्छौ खेल्छौ रमाउँछौ मनमानी गरी
आँसु झार्दै दिल दुखाई झर्केर जान्छौ

मैले जस्तै गर्छौ माया तिमीले मलाई
तर झरीले झैँ सताई दर्केर जान्छौ

भन्दिनौ किन तिमी आफ्नो मनको पीडा
हाँसोको गुञ्जन सुनाई लर्केर जान्छौ

बाल्छौ आफैँ प्रेमदीप अँध्यारो मनमा
फेरी किन आफैँ निभाई चर्केर जान्छौ ।




# विराट गंगाको जारमा भेटियो भोला गुट्खाको खोल

▶ प्रेम देवान

**विराटनगर**

'वि सियोर ड्रिंक पियोर' सुन्दा कस्तो आनन्द र आकर्षित शब्दमा बनेको नारा छ तर त्यो त केवल नारामा मात्रै सिमित रहेछ भन्ने उदाहरण तस्वीरले स्पष्ट पारेको छ। विराटनगरको बजारमा छ्यापछ्याप्ती भेटिने विराट गंगा प्रशोधित शुद्ध पिउने पानीको बोटल अनि जार देख्नु नै भएको होला।



विराटनगर-१ स्थित गंगा जल पेय उद्योगबाट उत्पादन गरिको पानीको जारमा हो। विराटनगर-११ स्थित ओरेक नेपालको सेफ हाउसको लागि असोज १३ गते १० वटा जार माग गरिएको थियो। त्यही १० वटा जार मध्ये एउटा जारमा गुट्खाको खोल भेटिएको छ। शिल प्याक गरिएको जारमा भेटिएको भोला गुड्काको खोल भेटिनुले माथि भनिएको नारासँग कतिको मेल खान्छ त्यो अब तपाई आफै नै मुल्याङ्कन गर्नुहोस। मानव जीवनको स्वास्थ्यसँग प्रत्यक्ष असर हुने गरी चरम लापरवाही गरेको यो घटनाले स्पष्ट पारेको छ।

लामो समयदेखि आफुरुले शुद्ध पिउने पानीको रुपमा विराट गंगाको जार नै प्रयोग गर्दै आएको ओरेक नेपालका प्रतिनिधि नविन रेग्मीले बताए। जारको पानी सकिएपछि अर्को जार खनाउने बेलामा जारमा गुट्काको खोल भेटिएको रेग्मीले बताए।

खाद्य प्रविधी तथा गुण नियन्त्रण कार्यलय कोशी प्रदेश विराटनगरका खाद्य निरीक्षक वीरेन्द्रकुमार दासले तत्काल अखाद्य वस्तु भेटिएको जारको निरीक्षण गरे। निरीक्षणको क्रममा जार भित्र अखाद्य वस्तु भेटिएको खाद्य निरीक्षक दासले न्यू सृष्टि दैनिकलाई जानकारी दिए।

जार भित्र अखाद्य वस्तु भेटिएकोले तत्कालको लागि शिलबन्दी गरिएको छ। शिलबन्दी गरिएको पानीको गुणस्तर परीक्षणको लागि नमुना संकलनको लागि प्रयोगशालामा लगिएको छ। शिलवन्दी गरिएको पानी प्रयोगशालामा कैफियत भेटिए कानून बमोजिम कारवाही हुने दासले बताए।

मानव अधिकारकर्मी उमेश विश्वकर्माले पनि आँखा अगाडि नै यस्ता घटना देखिनुले आम नागरिकको स्वास्थ्यसँग खेलावाड गरेको आरोप लगाए।

यता विराट गंगा जल पेय उद्योगका संचालक अंकित मारुले भने घटनालाई स्वीकारेका छन्। काम गर्दै जाँदा कहिलेकाही कर्मचारीबाट गल्ती भएको हुनसक्ने उनको भनाई छ।

यस अघि पनि पानीको बोटलमा माकुरा, मछड, किरा, दाउराको चैटो भेटिएको बारे न्यु सृष्टि दैनिकले समाचार प्रशारण गर्दै आएको छ। त्यस लगत्तै नियामक निकाले त्यस्ता कम्पनीलाई कारबाही गर्नेदेखि जरिवाना तिराउने सम्मका कारबाही गरेको छ।

# उद्योग बन्द गर्न सिफारिस

▶ न्यू सृष्टि दैनिक

**विराटनगर**

दुहबी-६ स्थित युनाइटेड लेदर (छाला) उद्योगले प्रदूषण फैलाएकोभन्दै राष्ट्रिय मानव अधिकार आयोगले स्थलगत अनुगमन गरी उद्योग बन्द गर्न सिफारिस गरेको छ।

इन्सेक कोशी प्रदेश कार्यालयले विराटनगरमा आयोजना गरेको मानव अधिकार सहायता कक्ष पुर्नगठन तथा पुर्नताजगी छलफल कार्यक्रममा आयोगका कोशी प्रदेश कार्यालय प्रमुख वीरबहादुर बुढामगरले नागरिकलाई संविधानले स्वच्छ वातावरणको हक प्रदान गरेकाले सोही हक कार्यान्वयनका लागि छाला उद्योग बन्द गर्न सिफारिस गरिएको बताए।

छाला उद्योगले प्रदूषण फैलाएको भन्दै स्थानीयले विरोधसहित प्रदर्शन र धर्ना गरेपछि आयोगले स्थलगत अनुगमन गरेको थियो। छाला उद्योगले प्रदूषण फैलाएको बारेमा इन्सेक कोशी प्रदेश कार्यालयले समेत अनुगमन गरेको थियो। मानव अधिकार सहायता कक्ष पुर्नगठन तथा पुर्नताजगीमा बोल्दै आयोग प्रमुख बुढामगरले मानव अधिकार आयोगले मानवअधिकार उल्लंघनका घटनाका पीडितलाई सहयोग गर्दै आएको बताए।

इन्सेक कोशी प्रदेश कार्यालयका संयोजक सोमराज थापाले मानव अधिकार सहायता कक्षमार्फत पीडितहरूलाई सहयोग पुर्याउँदै आएको बताए। मानव अधिकार सहायता कक्षमार्फत मानव अधिकार रक्षकमध्येका पत्रकारलाई समाचार लेखेकै भरमा पत्रकारमाथि कुटपिट भएको घटना वा मानव अधिकारकर्मीलाई तत्कालै उद्दार वा उपचारका लागि इन्सेकले आर्थिक सहयोग गर्दै आएको इन्सेक कोशी प्रदेश कार्यालयका प्रलेख अधिकृत पुण्य अधिकारीले बताए।

# तीनै तहका सरकारबीच समन्वय

▶ न्यू सृष्टि दैनिक

**विराटनगर**

बालअधिकार संरक्षण तथा प्रवर्द्धनका लागि तीनै तहका सरकारवीच समन्वय हुनुपर्ने एक कार्यक्रमका सहभागीहरूले बताएका छन्।

विराटनगरमा आयोजित बालअधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा कोशी प्रदेशसभाको सामाजिक विकास समिति सभापति गयानन्द मण्डलले संघीयता पछि तीनै तहका सरकारले आफू अनुकुल योजना ल्याउने र कार्यक्रम गर्ने प्रबृत्तीले योजना तथा कार्यक्रमहरू प्रभावकारी हुन नसकेको धारणा राखे।

नेपाल नगरपालिका संघ कोशी प्रदेशका अध्यक्ष तथा बेलबारी नगरपालिका प्रमुख दिलप्रसाद राईले अढाइ वर्षका कलिला बालबालिकालाई विद्यालय पठाउँदा उनीहरूको बाल्यकाल निक्कै कष्टकर भइरहेको बताइन्।


कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख डिआईजी चन्द्रकुवेर खापुङले बालबालिकाहरूलाई पठन-पाठन तथा अन्य सन्देशमुलक सामाग्रीहरू उनीहरूकै मातृभाषामा लेखिनुपर्ने बताए।

## वाह, क्या बात !

# नवशिला एक सशक्त मुक्तक सङ्ग्रह–१



**जेबी खत्री**




नवराज पोखरेल ५० को दशकबाट लेखन शुरू गरि ५२/५३ सालबाट प्रकाशनमा आएका नेपाली साहित्यको मुक्तक विधाका एक सशक्त उदयीमान मुक्तककार हुन्। भनिन्छ हरेक मानिस जीवनमा एक पटक कवि बन्छ। यसको तात्पर्य लेख्नु ठूलो कुरा होइन। त्यसलाई निरन्तरता दिनु चाहिँ ठूलो कुरा हो। पोखरेल पहिलो कृतिमै निक्कै परिपक्व र खारिएर दृढ इच्छा शक्तिकासाथ लेखनमा आएको देखिन्छ।

त्यसले निश्चय पनि उनबाट निरन्तरताको अपेक्षा गर्न सकिन्छ। एउटा सफल लेखकमा हुनु पर्ने गुणहरू पनि मैले उनमा देखेको छु। उनको शैक्षिक योग्यताले पनि उनलाई आफ्नो यात्राबाट विचलित हुन दिदैन। मानिसलाई बौद्धिकताले पनि सदैव कर्तव्य परायण र कर्मशील बनाउन उद्धत गरिरहन्छ। यस कारण पनि उनीबाट नेपाली साहित्य भण्डारले अझै धेरै र ठूलो अपेक्षा निश्चय पनि राखेको छ।

आफ्नो शुरूको आधा नाम नव र जीवन सङ्गीनीको पूरा नामको शब्द शिलाको समिश्रणबाट यस मुक्तक सङ्ग्रहको नामाकरण गरिएको छ। कविताको सानो रूप मानिएपनि शुरूको पहिलो लाइनमा विषय वस्तुको उठान। दोस्रोमा त्यसको समर्थन गर्दै विस्तृत व्यख्या हुन्छ भने तेस्रो पङ्क्ति वा लाइनमा त्यसको समर्थन गर्दै त्यसलाई उत्कर्ष वा उपल्लोत्कर्षमा पुऱ्याउँछ र चौथो पङ्क्ति वा अन्तिम लाइनले त्यसलाई तीखो वाण प्रहार गर्दै मुक्तकको बिट मार्छ। छोटो,मिठो र चोटिलो हुनु यसको विशेषता हो। मुक्तककार नवराज पोखरेलको उक्त मुक्तक सङ्ग्रह नवशिलाको प्रकाशक शिला पोखरेल, संस्करण प्रथम ०८० प्रकाशन सङ्ख्या ७०१ प्रति छ। मूल्य ३०० आवरण सज्जा निर्जल प्रशान्त लेखकको छ। सम्पादक हामी र हाम्रो कृति समूहका लागि मदन नेपाल र बद्री उप्रेती भनिएको छ। यसको आइ एस बि एन नम्बर ९७८-९९३७-१-६०९३-३ छ।

भित्री पृष्ठ १०० रहेको उक्त कृतिमा जम्मा ४०० ओटा मुक्तक सङ्ग्रहीत छन्। यहाँ अर्थात् यो सानो लेखमा ती ४०० ओटा मुक्तक वा सिङ्गो कृतिको साङ्गोपाङ्गो समालोचना सम्भव छैन। यहाँ ती मुक्तकहरू मध्येबाट पहिलो मुक्तकसँगै त्यसपछिका हरेक अघारौँ मुक्तकको आधार लिइ समीक्षा गरिएको छ।

प्रस्तुत नवशिला नवराज पोखरेलद्वारा लिखित मुक्तक सङ्ग्रहको समीक्षा गर्नु भन्दा पहिले उक्त कृतिको अध्ययन गरि त्यसका बारेमा आफ्नो भनाइ राख्ने केही वौद्धिक वा साहित्यिक व्यक्तित्व तथा मुक्तककारहरूको भनाइलाई पनि यहाँ संक्षिप्त रूपमा राख्नु समिचिन नै होला।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले लेखकलाई हार्दिक बधाई दिदै वौद्धिक व्यक्तित्व नवराज पोखरेलले आफ्नो मुक्तक सङ्ग्रहमा मुक्तक मार्फत् सामाजिक र राजनीतिक विकृति र विसङ्गतिप्रति रोष प्रकट गर्नुभएको छ भनेका छन्। त्यसो त उहाँका कविता प्रेमील र देशभक्तियुक्त पनि छन् भनेका छन्।

त्यस्तै गरि वरिष्ठ कवि,लेखक, सम्पादक तथा मुक्तककार वियोगी बुढाथोकीले फरक र खँदिलो विषय वस्तु, भाव,संरचना र विम्व अनि प्रतीकको सङ्गम हो मुक्तक भन्दै मुक्तकको मानक सिद्धान्तलाई पालन गर्दै लेखिएका नवराज पोखरेलका मुक्तकहरूले पाठकको मन छुन्छन् भनेका छन्।

त्यस्तै गरि तिला लेकालीले आफ्नो शुभकामना लेखमा मुक्तकको परिचय दिदै नवराज पोखरेलका मुक्तकहरूले देशको राजनीतिक,सामाजिक,आर्थिक आदि क्षेत्रमा देखा परेको विसङ्गति र विकृतिको उल्लेख गर्दै मानवीय जीवनका विविध पक्षलाई समेटेका छन्।

कहीँ मुक्तकहरू प्रेमिल पनि रहेका छन् भनेकी छन् भने लेखक तथा पत्रकार,अनुसन्धान कर्ता केशु विरहीले नवशिला मुक्तक सङ्ग्रह र त्यस भित्रको रचना गर्भ शीर्षकीय लेखमा लेखकको रचना गर्भ भनेको त्यही समाज हो भन्दै उनका मुक्तकहरूले विविध क्षेत्रका विकृति र विसङ्गतिहरूलाई गतिलो सित प्रहार गरेका छन् भनेका छन्।

त्यस्तै गरि प्रकाशकीयमा शिला पोखरेलले उहाँले आफूमा मलाई जोडेर म भित्रको भावना लेख्नुहुन्छ भनेकी छन्। लेखक स्वयम्ले मैले भन्नु पर्ने शीर्षकको लेखमा लेखकले आफ्नो प्रेमील र वैवाहिक जीवन साहित्यमा लाग्दाका उतारचढाव,जागिरे जीवन, आफ्ना आफन्त, शुभ चिन्तक र मित्रहरूले साहित्यमा लाग्न प्रदान गरेको प्रेरणा र उत्साहबाट नै आफू कृति प्रकाशन गर्ने हैसियतमा पुगेको कुरा उल्लेख गरेका छन्।


आफ्नी जीवन सङ्गीनीको यसमा ठूलो हात रहेको कुरा वताएका छन्। यस्तै गरि परिचय हामी र हाम्रो कृति समूह शीर्षकीय लेखमा पनि आफ्नो परिचय दिदै समूहको तर्फबाट बद्री उप्रेतीले यही र यस्तै कुरा उल्लेख गरेका छन्। यसका अध्यक्ष मदनप्रसाद नेपालले पनि नवराज पोखरेलका मुक्तकमा पाइने प्रवृत्तिकै चर्चा गरेका छन्।

त्यस्तै गरि लघुकथाकार ममता मृदुलले पनि त्यही कुरा उल्लेख गर्दै समाजका अनेक पक्षलाई समेट्न सफल कृति भनेकी छन्। यसरी सरसर्ती रूपमा हेर्दा नेपाली साहित्यको इतिहासमा नवराज पोखरेलको उक्त नवशिला मुक्तक सङ्ग्रहले खास गरि मुक्तक विधामा एउटा गतिलो इँटा थपेको छ। उनले आफ्नी जीवन सङ्गीनीलाई आफ्नो जीवनको सम्पूर्णता स्वीकार गर्दै पहिलो मुक्तकको उठान यसरी गरेका छन्।

मलाई सफल बनाउने मेरै शिलारानी
गन्तव्य पथ खनाउने मेरै शिलारानी
सुख,दुःख सरोबरी बनाएर हरदम
प्रेमील दिवस मनाउने मेरै शिलारानी॥

*क्रमश :*

## न्यू सृष्टि दैनिक — मुहार अनि रहर... LIKE & SHARE



**रक्तदान जीवनदान** : रोटरी क्लव डाउन टाउन विराटनगरकी गिरिजा सारडा विरामीलाई रक्तदान गर्दै।



**मुछे हो तो जयरामकी जैसी** : जसपा नेपालका केन्द्रीय सदस्य जयराम यादव जुंघा मसार्दै तस्वीर खिच्दै।



**एक क्लीक** : विकल्प नेपाल संस्था खोलेर सामाजिक रुपान्तरणमा सक्रिय वसन्त अधिकारी साथीसित।



**मिनाक्षी सेसाद्री होइन शर्मिला** : विराटनगरकी कांग्रेस नेतृ शर्मिला आचार्य फोटोका लागि मुस्कुराउँदै।

PERFECT HEALTH FITNESS & GYM
● PERSONAL TRANNING
● FITNESS PROGRAM
● WEIGHT CONTROL
● GROUP TRANNING
Biratnagar–8 Jatuwa
(Dharambandh Road)
Contact US :
9814307505

साईकल चाहियो ?
सानो देखि ठूलो सम्म रोजे जस्तो, खोजेजस्तो साईकल तथा सम्पूर्ण सामान होलसेल रेटमा चाहिएमा हामीलाई सम्झनुहोस्
प्रो. मोहन यादव
महावीर रोड, विराटनगर

विना अप्रेशन उपचार
● हड्डि खिएको, नसा च्यापिएको
● ढाँड, कम्मर, घुँडा, पाता दुख्ने
● पथ्थरी, पाइल्स
● दीर्घ रोग : दम, वाथ
सम्पर्क:
वैकल्पिक स्वास्थ्य केन्द्र
हिलिङ्ग सेन्टर
कञ्चनबारी चौक पूर्व (पृथ्वी टोल)
फोन नं. : ९८४२०२२३६०, ९८०४०२८५३३











